# REGIONAL NEWS UNIT
# ALL INDIA RADIO GANGTOK
# NEPALI NEWS BULLETIN

BROADCAST: 18:40 hrs Date: 17.12.2024

---

## CM

मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले भन्नुभएको छ सिक्किम क्रान्तिकारी मोर्चा SKM पार्टीको सरकार विविधतामा एकताको सिध्दान्त माथि प्रतिवध्द छ र सरकारले सांस्कृतिक तथा पारम्परिक विरासतको सुरक्षामा समर्पित कैयौं धार्मिक र सामाजिक संगठानहरूलाई सहायता प्रदान गरिरहेछ ।

उहाँले भन्नुभएको छ हाम्रो धनी संस्कृति र परम्परामा हामीले गर्व गर्नुपर्छ ।

श्री तामाङ आज सोरेङ जिल्ला अन्तर्गत सुल्दुङ काम्लिङको काम्लिङ उच्चतर माध्यमिक पाठशाला मैदानमा आयोजित बराहिमिजोङ उत्सव समारोहलाई मुख्य अतिथिको रूपमा सम्वोधन गर्दैहुनुहुन्थ्यो ।

सुल्डुङमा असल पर्यटन स्थल बन्ने पर्याप्त क्षमता रहेको कुरो बताउँदै मुख्य मन्त्रीले भन्नुभयो- यस क्षेत्रलाई रमणीय मंगर गाउँ प्रकारको गृहवास केन्द्रको रूपमा परिवर्तित गरिनेछ ।

उहाँले भन्नुभयो पारम्परिक मंगर वास्तुकला र आधुनिक सुविधायुक्त जीवनशैलीको मिश्रणले पर्यटकहरूलाई आकर्षित गर्नेछ ।

श्री तामाङले आज प्रस्तुत गरिएका मांगहरूलाई आवश्यकता अनुरूप पूरा गरिने आश्वासन दिनुभएको छ।

---

## PMKSY

प्रधानमन्त्री कृषि सिँचाई योजना अन्तर्गत सूक्ष्म सिंचाइ प्रणालीको जागरूकता एवम् वितरण कार्यक्रम कृषि विभागद्वारा टाशीडिङ क्लस्टरका निम्ति ग्राम प्रशासन केन्द्र टाशीडिङमा हिजो आयोजित भयो ।

यसमा योक्सम टाशीडिङ समस्टि अधिन टाशीडिङ ग्राम पञ्चायत इकाइवाट जम्मा तीन सय तीस लाभार्थीहरूले सूक्ष्म सिंचाई प्रणालीको लाभ प्राप्त गरे ।

कार्यक्रममा बोल्दै पर्यटन मन्त्री तथा विधायक श्री छिरिङ टी भुटियाले खेतीपातीको असल तरीका र सथायीत्वका लागि सरकारी योजनाहरूका उपयोगिताको महत्ववारे प्रकाश पार्नुभयो र कृषकहरूलाई आत्मनिर्भर बन्नका निम्ति आधुनिक उपायहरू अप्नाउन प्रोत्साहित गर्नुभयो ।

उहाँले भन्नुभयो राज्य सरकारले कृषकहरूको जीवनस्तरमा सुधार ल्याउने उदेश्यले विभिन्न कल्याँकारी पहलहरू शुरू गरेको छ र योजना कृषि उत्पादनशीलता बनाउने दिशातर्फ महत्वपूर्ण पाइला हो ।

यस अवसरमा कृषहरूलाई सूक्ष्म सिंचाइ प्रणालीका पोली पाइप, पम्प, पानीको ट्याङ्की र अन्य सामग्रीहरू वितरण गरियो ।

यसअघि कृषि विभागका अतिरिक्त निदेशक श्री कर्मा शेर्पाले कृषकहरूलाई केन्द्र सरकारद्वारा आयोजित प्रधानमन्त्री कृषि सिंचाई योजनाको उद्देश्यवारे अवगत गराउनुभयो।

---

Beekeeping

सिक्किम राज्य सहकारी संङ SICUN द्वारा मौरीपालन तथा मह प्रसंस्करण प्रशिक्षण माथि आसाम लिङजेमा आयोजित पन्ध्र दिने लामो कार्यक्रम आज सम्पन्न भयो।

वाणिज्य तथा उद्योग विभागको RAMP कार्यक्रम अन्तर्गत यसको आयोजना गरिएको थियो।

यसमा सहभागीहरूलाई उद्यमिता कौशल निर्माण गरेर उद्योगमा उचाईँ हासिल गर्नका निम्ति मह काड्ने तरीका र आवश्यक विषयहरूवारे अभ्यास गराइयो।

---

Panchayat Funds

केन्द्र सरकारले भनेको छ पञ्चायती राज विभागले पन्ध्रौ वित्त आयोगका सिफारिशहरू अन्तर्गत ग्रामीण स्थानीय निकायहरूका लागि एक लाख त्रिचालिस हजार करोड़ रूपियाँको अनुदान जारी गरिएको छ।

लोकसभामा आज एउटा प्रश्नको लिखित उत्तरमा केन्द्रीय पञ्चायती राज मन्त्री श्री एस पी बघेलले राशीमध्ये एक लाख छ हजार करोड़ रूपियाँ खर्च गरिसकिएको छ।

---

Marathon

सिक्किमकी Marathon Girl फुर्बा तामाङलाई टाटा स्टीट कोलकाता म्याराथनमा पच्चीस देखि उन्तीस आयुवर्गको प्रतियोगितामा रजत पदक प्राप्त भएको छ।

उनले एक घण्टा बाउन्न मिनट सताइस सेकेण्डमा पच्चीस किलोमिटरको दूरी पूरा गरिन्।

यसमा पश्चिम बंगालकी पूजा मण्डल प्रथम भइन्।

कोलकातामा वर्षेनी आयोजित हुने टाटा स्टील कोलकाता म्याराथन देशकै एउटा वृहत म्याराथन दौड़ हो।

---

Football

गान्तोकको पाल्जोर स्टेडियममा भइरहेको सिक्किम Rising Star 2 point zero under 17 फुटबल खेल अन्तर्गत आज गान्तोक हिमालयन स्पोर्टिङ क्लबले पाण्डाम फुटबल एकाडमीलाई एकको विरूध्द दुई गोलले परास्त गरयो।

आजै भएको दोस्रो म्याचाम Northerners फुटबल क्लबले एकाडमी knights फुटबल क्लबलाई दुई गोलले हरायो।

पराजित टीमले एउटै गोल पनि गर्न सकेन।

---

One Nation One Election

एक रास्ट्र एक चुनाउसित सम्वन्धित दुइवटा विधेयक आज लोकसभामा प्रस्तुत गरियो।

केन्द्रीय विधि मन्त्री श्री अर्जुन राम मेघवालले एक सय उन्तीसौं सम्विधान संशोधन विधेयक 2024 र केन्द्रशासित प्रदेश विधि संशोधन विधेयक 2024 सदनमा पेश गर्ने बित्तिकै विपक्षी दलहरूले मत विभाजनको मांग गरे।

दुई सय उन्नात्तरजना सदस्यहरूले विधेयक प्रस्तुत गरिने प्रक्षमा र एक सय अन्ठानन्बे सदस्यहरूले यसको विरोधमा मत खसाले।

काँग्रेस, टीएमसी, समाजवादी पार्टी, डीएमके, शिवसेना उद्धव ठाकरे विपक्षी दलहरूले विधेयक प्रस्तुत गरिएकोमा विरोध गरे र यसलाई सम्विधानको बुनियादी ढाँचामाथि एउटा प्रहर बताए। उनीहरूले विधेयक जाँचका लागि संयुक्त संस्दीय समितिलाई पठाउने मांग गरे।

श्री मेघावलले विपक्षी दलहरूका आरोपको खण्डन गर्नुभयो र भन्नुभयो यो विधेयक सम्विधानको मूल संरक्षणको विरूध्दमा छैन।

उहाँले विधेयकहरूलाई संयुक्त संसदीय समितिकहाँ पठाउने प्रस्ताव राख्नुभयो।

---